जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- कृषि २०८३/०८४

**उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम (तोरी बाली) मा सहभागी हुन इच्छापत्र पेश गर्ने बारेको सूचना ।**

सूचना न.:- ०२/२०८३/०८४
(सूचना प्रकाशित मितिः- २०८३/०४/२८)
ने.सं.११४६ गुंलाथ्व १ बिहिबार)

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, दुर्गौली, कैलालीको आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत उत्पादनमा आदारित प्रोत्साहन अनुदान कार्यक्रम (तोरी बाली) संचालन गर्नुपर्ने भएकाले ईच्छुक कृषक/ कृषक समूह/ कृषक सहकारी/ कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र अर्थात् २०८३/०५/१७ गते भित्र तपसिलका कागजातहरु संलग्न राखी “उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१” को अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा इच्छापत्र पेश गर्नहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै म्याद नाघि आएका र रितपूर्वक कागजात नपुगेका निवेदन माथि कुनै पनि कारवाही नगरिने व्यहोरा अनुरोध छ ।

**नोटः- न्यूनतम ५ कठ्ठा क्षेत्रफलमा खेती गर्नु पर्नेछ ।**

**संलग्न कागजात**

१. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपी ।
२. चालु आ.व. २०८३/०८४ को मालपोत तिरेको रसिद सहित लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि ।
३. कृषि फर्म/ कृषक समूह/ कृषि सहकारी संस्थाको हकमा दर्ता, नविकरण, स्थायी लेखा नम्बर र कार्यकारी समितिको निर्णयको प्रतिलिपि ।

थप जानकारीको लागि
जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, दुर्गौली, कैलाली ।
फोन नं. ९८६८४३१०९५/ ९८६४५१४१५६

..............................
लालविर चौधरी
कृषि शाखा प्रमुख

..............................
भानुभक्त भट्ट
प्रमुक प्रशासकीय अधिकृत

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०९१-५०००७७, ०९१-५०००७९(LEOC) Google Plus Code :H455+W3 Durgauli
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
https://www.facebook.com/janakimunkailali https://www.youtube.com/@janakimunkailali